# बृद्धावस्था बाँच्ने भत्ता

## स्वतःरूपान्तरण/
## हुलाक पेश/नयाँ निवेदन
## व्यवस्थाहरू

社會福利署
Social Welfare Department

फेब्रुअरी 2013

## परिचय

समाज कल्याण विभाग (एसडब्लुडी) ले सामाजिक सुरक्षा भत्ता योजनाअन्तर्गत अप्रिल 2013 बाट शुरू हुने गरी बृद्ध उमेर बाँच्ने भत्ता (ओएएलए) शुरू गर्न लागेको छ । यसले हङकङमा बस्ने सहयोग चाहिने 65 बर्ष वा माथिको उमेरका व्यक्तिहरूलाई उनीहरूको बाँच्ने खर्चमा सहयोग गर्नका लागि प्रति महिना $2,200 को नगद भत्ता उपलब्ध गराउने लक्ष्य राख्छ ।

## स्वतः रूपान्तरण/हुलाक पेश/नयाँ निवेदन व्यवस्थाहरू

विभिन्न प्रकारका ज्येष्ठ नागरिकहरूले विभिन्न प्रकारले ओएएलए प्राप्त गर्न सक्नुहुन्छः

| | |
|---|---|
| चरण 1 - स्वःरूपान्तरण | ➢ अहिले सामान्य बृद्ध उमेर भत्ता (ओएए) प्राप्त गरिरहेका 65-69 उमेरबीचका ज्येष्ठ नागरिक, वा उच्च ओएए प्राप्त गरिरहेका 70 बर्षमाथिका व्यक्ति र 65 देखि 69 उमेरबीचका सामान्य ओएए प्राप्त गरिरहेका व्यक्ति<br>• एसडब्लुडीले उनीहरूलाई 25 फेब्रुअरी 2013 मा **बृद्ध उमेर बाँच्ने भत्ता जवाफ पर्चा** संलग्न गरी उनीहरूको स्वतःरूपान्तरण व्यवस्थाको बारेमा जानकारी दिने हरियो जानकारी पत्र जारी गर्नेछ ।<br>• ओएएलएमा स्विच गर्न चाहेको र उल्लेख सिमाभन्दा माथि आय र सम्पत्ति नभएका (विस्तृत विवरणका लागि पाना 3 हेर्नुहोस्) ले जवाफ दिनुपर्दैन, न उनीहरूले बेग्लै निवेदन दिनुपर्छ । उनीहरूको ओएएलए प्राप्त गर्नेमा स्वतः रूपान्तरण हुनेछन् र ओएए भुक्तानी प्राप्त गर्न प्रयोग भइरहेको बैंक खातामा भुक्तानी अप्रिल 2013 बाट लागु हुने गरी बैंक खातामा जम्मा हुनेछ ।<br>• ओएएलएमा स्विच गर्न नचाहेको र उल्लेख सिमाभन्दा माथि आय र सम्पत्ति भएकाले **बृद्ध उमेर बाँच्ने भत्ता जवाफ पर्चा** पूरा गरी त्यसलाई 22 मार्च 2013 वा त्योभन्दा अगाडि एसडब्लुडीमा फिर्ता गर्नुपर्छ । |
| चरण 2 – हुलाक पेश | ➢ उच्च ओएए प्राप्त गरिरहेका 70 बर्ष वा माथिका व्यक्ति र 65 देखि 69 उमेरबीचका सामान्य ओएए प्राप्त नगरिरहेका व्यक्ति, वा 65 बर्ष वा माथिको उमेरका अहिले सामान्य अपांगता भत्ता (डिए) प्राप्त गरिरहेका ज्येष्ठ व्यक्ति<br>• एसडब्लुडीले उनीहरूलाई 25 मार्च 2013 मा **हुलाक पेश निवेदन फारम** संलग्न गरी उनीहरूको हुलाकद्वारा ओएएलए पेश गर्ने व्यवस्थाको बारेमा जानकारी दिने पहेलो जानकारी पत्र जारी गर्नेछ । .<br>• ओएएलए चाहेकाले उनीहरूको निवेदन हुलाकमार्फत एसडब्लुडी मा 31 डिसेम्बर 2013 मा वा सोभन्दा अघि पेश गर्न सक्नेछन्, र उनीहरूले निवेदनका लागि सिधै एसडब्लुडीको सामाजिक सुरक्षा क्षेत्र एकाइमा पुग्नु पर्दैन । **हुलाक पेश निवेदन फारम** प्राप्त हुनासाथ, एसडब्लुडीले उनीहरूको योग्यता रूजु गर्नेछ । योग्यहरूका लागि ओएए/सामान्य डीए भुक्तानी प्राप्त गर्न प्रयोग भइरहेको बैंक खातामा जम्मा हुनेछ । |
| चरण 3 – नयाँ निवेदन | ➢ 65 बर्ष वा माथिका अहिले ओएए वा सामान्य डीए प्राप्त नगरिरहेका तर ओएएलए प्राप्त गरिरहेका व्यक्ति, र बसोवास र ओएएलएको आय र सम्पत्ति आवश्यकतासहित (विस्तृतका लागि पाना 3 हेर्नुहोस्) योग्यता पुगेका<br>• उनीहरूले ओएएलएका लागि फ्याक्स, इमेल, हुलाक वा सिफारिस गरिएको सरकारी विभाग/गैरसरकारी संस्थाबाट वा उनीहरू बस्ने स्थान नजिकै रहेको एसडब्लुडीको सामाजिक सुरक्षा क्षेत्र एकाइमा पेश गर्न सक्नेछन् । निवेदन फारम र मार्गदर्शन टिपोटहरू एसडब्लुडीको वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ र सामाजिक सुरक्षा क्षेत्र एकाइमा पनि उपलब्ध छ ।<br>• एसडब्लुडीले 2 अप्रिल 2013 देखि लागु हुने गरी नयाँ निवेदन लिनेछ । |

द्रष्टव्यः

(1) पछिल्लो समयमा 1 डिसेम्वर 2012 मा प्रदर्शन गरेका वा 31 डिसेम्वर 2013 मा वा सोभन्दा अगाडि प्राप्त भएका निवदेन स्वःरूपान्तरण व्यवस्थामार्फत योग्य ज्येष्ठ व्यक्ति हुन्छन् । 31 डिसेम्वर 2013 पछि प्राप्त भएका योग्य निवेदकले ओएएलए भुक्तानी योग्यता पुगेको मितिदेखिको पाउनेछन् ।

(2) 70 बर्ष वा सोभन्दा माथिको उमेरका उल्लेख भएको आय/वा सम्पत्ति भएका व्यक्तिहरूले ओएएलएमा जान नचाहनेले $1,135 प्रतिमहिनाको उच्च ओएएका लागि निवेदन दिन/जारी राख्न सक्नेछन् ।

जिज्ञाशाहरू
ओएएलएबारे जिज्ञाशा भएमा, कृपया हटलाईनमा कल गर्नुहोस् वा हाम्रो वेवसाइट हेर्नुहोस् ।

हटलाईन: 35950130
वेवसाइट: www.swd.gov.hk/oala

<u>ओएएलएको योग्यता प्रावधानमा यी पर्छन्:</u>

- उमेर 65 बर्ष वा माथि हुनुपर्ने;
- कम्तीमा पछिल्लो सात बर्षदेखि हङकङको बासिन्दा भएको र निवेदन दिएको पछिल्लो एक बर्षसम्म नियमित रूपमा हङकङमा बसोबास गरेको (एक बर्षमा अधिकतम 56 दिनसम्म हङकङबाहिर हुँदासम्म हङकङको स्थायी बासिन्दाको रूपमा लिइनेछ);
- तल उल्लेख भएको सिमा नाघ्ने गरी आय र सम्पत्ति नभएको।

| | एकल व्यक्ति | विवाहित जोडी |
|---|---|---|
| प्रति महिनाको जम्मा आय | $6,880 | $10,940 |
| जम्मा सम्पत्तिको मूल्य | $193,000 | $292,000 |

> “आय” मा रोजगारको पारिश्रमिक; हातेकाम, व्यापार, लगायतको आय (तलव, पारिश्रमिक, मासिक कमिसन वा बोनस, र स्वःरोजगारबाट प्राप्त हुने मासिक आय); अवकाश लाभ/पेन्सन; र भाडामा संकलन भएको रकम पर्दछ । परिवार सदस्य, नातेदार सदस्य र ऋण भुक्तानीबापत प्राप्त भएको मासिक भुक्तानी यसमा पर्दैन, तर कुनै खर्च नभइ वचत भएको वचत/नगदलाई भने "सम्पत्ति" को रूपमा लिइनेछ ।

> “सम्पत्ति” (1) मा जग्गा र गैरमालिकले लिएको सम्पत्ति(2), हातमा रहेको रकम, बैंक वचत, सेयर र स्टकमा लगानी (बन्ड, ट्रस्ट फण्ड र बढेको निवृत्तिभरण लाभहरू(3)), लगानीका लागि गाडी (जस्तैः ट्याक्सी र सार्वजनिक हलुका बस) र त्यसको व्यापारिक लाईसेन्स, र सुनको टुक्रा, सिक्का, सुनको टुक्रा, सिक्का, आदि पर्दछ । मालिकको सम्पति, भविष्यमा प्रयोग गर्नका लागि स्थान, र बीमा योजनाको नगद मूल्य समावेश हुँदैन ।

(1) हङकङ, मकाउ, मेनल्याण्ड र विदेशमा रहेका तिनीहरू ।

(2) हङकङमा बस्नका लागि भएको एउटा निवास सम्पत्तिमात्रको रकमलाई विचार गरिनेछैन । निवेदक र/वा उनको जीवनसाथीले छुट्टै वा संयुक्त रूपमा अपनत्व ग्रहण गरेको अन्य सम्पत्तिहरूलाई “गैर-मालिक” को रूपमा लिइनेछ र यसलाई “सम्पत्ति” को जाँचको बेला विचार गरिनेछ ।

(3) बढेको निवृत्तिभरण लाभहरूले अनिवार्य सञ्चय कोष ("एमएपएफ") योजना(हरू) वा अन्य अवकाश योजना(हरू) को लाभलाई जनाउँछन् । यस्ता बढेको लाभहरूको अनुमानित जम्मा रकम एमपीएफ ट्रस्टी(हरू) वा अन्य अवकाश योजना ट्रस्टी(हरू)/प्रशासक(हरू) वा अन्य सान्दर्भिक दस्तावेजहरूबाट प्राप्त जानकारीमा आधारित हुनेछ ।

- बृद्धावस्था भत्ता, अपांगता भत्ता वा विस्तृत सामाजिक सुरक्षा सहायता प्राप्त नगरेको हुनुपर्ने ।

विस्तृत र अन्य योग्यता मापदण्डका लागि, कृपया सामाजिक सुरक्षा भत्ता योजना हेर्नुहोस् (एसडब्लुडीको वेवसाइट: www.swd.gov.hk).